# 'व्यवसाय दर्ता ऐन, २०७५

प्रमाणिकरण मिति : २०७५/०२/२९

प्रकाशन मिति :२०७५/०२/२९

**प्रस्तावना**

व्यापार र उद्योग व्यवसायिकोव्यवसाय दर्ता र तत्सम्बन्धि अरु व्यवस्था गरी सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम गरी राख्न वाञ्छनिय भएकोलेस्थानीय तह लिखु गाउँ सभाबाट यो ऐन बनाई जारी गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. सक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम स्थानीय "व्यवसाय दर्ता ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन लिखु गाउँपालिका भर लागु हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "व्यक्तिगत व्यवसाय" भन्नाले निजि वा कथित नामबाट एक व्यक्तिले व्यापार वा व्यवसाय गर्ने उद्देश्यले स्थापना गरेको फर्म, कम्पनी वा पसलहरु सम्झनु पर्दछ ।

(ख) "सूचित आदेश" भन्नाले पालिका राजपत्रमा प्रकाशित आदेश सम्झनु पर्दछ ।

(ग) "पालिका" भन्नाले लिखु गाउँपालिका लाई सम्झनु पर्दछ ।

(घ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यो ऐन अन्तरगत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।



(ङ) "व्यवसाय" भन्नाले नाफा कमाउने उद्देश्यले सञ्चालीत वाणिज्य व्यापारसंग सम्बन्धित व्यापार व्यवसाय, साना खुद्रा पसलहरु र निर्माण व्यवसायमा संलग्न प्राइभेट फर्म, घरेलु उधोग वा कम्पनि समेतलाई सम्झनु पर्दछ ।

३. व्यक्तिगत व्यवसाय सञ्चालन गर्ने सम्बन्धमा: यो ऐन प्रारम्भ भएपछि यो ऐन बमोजिम व्यवसाय दर्ता गराई सञ्चालन गर्नु पर्नेछ, दर्ता नगरी व्यवसाय गर्न पाउने छैन् ।

४. व्यक्तिगत व्यवसाय वा व्यवसाय दर्ता गर्ने सम्बन्धमा : (१) कुनै व्यक्तिगत व्यवसाय वा व्यवसाय दर्ता गराउन चाहाने व्यक्ति, फर्म वा कम्पनिले तोकिएको दस्तुर सहित तोकिएको ढाँचामा दरखास्त गाउँपालिका कार्यालयमा दिन सक्नेछ, त्यस्तो दरखास्तमा देहाएको विवरण खोलिएको हुनुपर्नेछ ।

(क) व्यापार, व्यवसायको नाम,

(ख) व्यापार, व्यवसायको ठेगाना,

(ग) व्यापार, व्यवसायको उद्देश्य तथा त्यसको कारोवार गर्ने वस्तु वा चिज तथा कामको विवरण,

(घ) व्यवसाय संचालक वा धनीको नाम, ठेगाना, वुवा, आमार वाजेको नाम, थर,

(ङ) समय, समयमा स्थानीय तह गाउँपालिकाले सूचित आदेशद्वारा तोकिएको अरु विवरणहरु ।

(२) उपदफा (१) बमोजिम कसैको दरखास्त दर्ता भएपछि गाउँपालिकाले तोकिए बमोजिम आवश्यक जाँचवुझ गरी हेर्दा दरखास्तमा खोलिएको विवरणमा साँचो हो भन्ने विश्वास हुने मनासिब कारण भएमा र दरखास्त गरे बमोजिमको व्यक्तिगत व्यवसाय वा व्यवसाय खोल्ने मनासिब देखेमा तोकिए बमोजिमको दर्ता कितावमा व्यक्तिगत व्यवसाय वा व्यवसाय दर्ता गरी त्यसको

तोकिएको ढाँचाको प्रमाण पत्र दरखास्त वालालाई दिइने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एउटै व्यक्तिको नाममा एउटै उद्देश्य भएको एक भन्दा वढी वाणिज्य सम्बन्धि व्यक्तिगत व्यवसाय वा व्यवसाय दर्ता गरिने छैन ।

५. व्यक्तिगत व्यवसायको प्रमाण-पत्रको अवधि र नविकरण गर्ने सम्बन्धमाः यो ऐन बमोजिम दर्ता भएका प्रमाण पत्रको अवधि नविकरण गर्ने तरिका र नविकरण गराउँदा लाग्ने दस्तुर तोकिए बमोजिम हुनेछ ।

६. विवरणमा हेरफेर गर्नु परेमा स्वीकृति लिनु पर्नेः दफा (४) को उपदफा (१) बमोजिम पालिकामा दिइ राखेको विवरणमा कुनै हेरफेर गर्नु परेमा तोकिएको म्याद भित्र उक्त सूचना पालिकामा दिनु पर्ने छ र पालिकाबाट स्वीकृति प्राप्त भएपछि मात्र हेरफेर गर्न सकिने छ ।

७. यो ऐन बमोजिम दर्ता नभएका व्यक्तिगत व्यवसाय वा व्यवसायका नामबाट भएको लेनदेन र अरु कारोवारलाई कानूनी मान्यता दिइने छैन साथै यो ऐन प्रारम्भ भएपछि यो ऐन बमोजिम दर्ता नभएको व्यक्तिगत व्यवसायको नामबाट गरेको कुनै पनि व्यापार व्यवसाय तथा लेनदेन वा अन्य अरु कारोवारलाई कानूनी मान्यता दिएने छैन् ।

८. गाउँपालिकाले विवरण माग गर्न सक्ने : (१) यस ऐन अन्तर्गत दर्ता भएको कुनै व्यक्तिगत व्यवसाय वा व्यवसायसंग पालिकाले त्यस्तो व्यापार व्यावसायको आवश्यक विवरण माग गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिम माग गरिएको विवरण पालिकामा पेश गर्नु त्यस्तो व्यवसायिको कर्तव्य हुनेछ।



९. व्यक्तिगत व्यवसाय वा व्यवसाय खारेज गर्न सकिने : (१) देहाएका अवस्थामा पालिकाले व्यक्तिगत व्यवसाय वा व्यवसाय खारेज गर्न सक्नेछ ।

(क) तोकिएको अवधि भित्र नविकरण नगराएमा,

(ख) व्यवसायीले मनासिब कारण दर्शाइ आफ्नो व्यवसाय खारेज गरी पाउँ भनी पालिकामा निवेदन दिएमा,

(ग) दफा (४) उपदफा (ग) को विपरित हुने गरी कुनै कुरा ढाँटी व्यवसाय दर्ता गरिएको ठहरिएमा,

(घ) पालिकाले दफा ८ बमोजिमको विवरण माग गर्दा सम्बन्धित व्यवसाय धनीले तोकिएको अवधि भित्र सो विवरण पेश नगरेमा,

(ङ) व्यवसाय सञ्चालन गरी पालिकालाई जानकारी दिई वा नदिई त्यस्तो व्यवसाय वन्द गरेमा,

(च) नविकरण गर्ने म्याद समाप्त भएको मितिले तोकिएको अवधि भित्र नविकरण नगराएमा वा नविकरण गराए पनि इजाजतको शर्त बमोजिम व्यवसाय सञ्चालन तथा स्थापना नगरेमा वा प्रगति विवरण पालिकामा पेश नगरेमा,

(छ) व्यक्तिगत व्यवसाय वा अन्य व्यवसाय, यस ऐन अन्तर्गत वनेको नियमको विपरित हुने गरी अन्य कुनै कार्य गरेमा ।

(२) उपदफा (१) को खण्ड (क), (ग), (घ), (ङ), (च) वा (छ) बमोजिम पालिकाबाट व्यवसाय खारेज गर्नु अघि सम्बन्धित व्यवसायिलाई सफाईको सवुत पेश गर्न उचित अवसर दिनु पर्नेछ ।

(३) उपदफा (१) को खण्ड (क), (ग), (घ), (ङ),(च) वा (छ) बमोजिम पालिकाबाट व्यवसाय खारेज भएमा त्यसरी

खारेज भएको व्यवसायिको नाममा एक वर्ष सम्म सोहि उद्देश्य भएको अर्को व्यवसाय दर्ता गरिने छैन् ।

१०. <u>दण्ड सजाय</u> : (१) यो ऐन बमोजिम दर्ता वा नविकरण नगराई खोलिएको व्यवसायिलाई रु. ५००।- देखि रु. १०००।- सम्म जरिवाना हुनेछ र सोही अपराध दोहोरिएमा ३ पटक सम्म पटकै पिच्छे शुरुमा हुने जरिवाना र थप रु १०००।- जरिवाना हुनेछ । चोथौ पटक पनि त्यस्तो गरेमा निजको नाममा कहिले पनि त्यस्तो व्यवसाय दर्ता हुने छैन् ।

(२) दफा (४) अन्तर्गत दरखास्त दिदा झुट्टा विवरण दाखिला गर्ने व्यक्तिलाई रु ५००।- देखि रु. १०००।- सम्म जरिवाना हुनेछ ।

(३) दफा (६) बमोजिम दिनु पर्ने सूचना तोकिएको म्याद भित्र नदिने वा झुट्टा सूचना दिने व्यवसायिलाई रु ५००।- देखि १०००।- सम्म जरिवाना हुनेछ ।

(४) यो ऐन बमोजिम दर्ता वा नविकरण नभएको व्यवसाय र सो व्यवसायी सँग कारोवार गर्ने कुनै पनि वितिय संस्थावा वैंकलाई कुनै पनि वितिय कारोवार नगर्न नगराउन पालिकाले उक्त व्यवसायीको नाममा सूचित आदेशद्वारा मनाहि गर्न सक्नेछ ।

(५) यो दफा अन्तर्गत पालिकाले गरेको सजायमा चित्त नबुझ्ने व्यवसायीले जिल्ला अदालतमा पुनारावेदन गर्न सक्नेछ ।

११. <u>नियम वनाउने अधिकार</u>: यो ऐन को उद्देश्य कार्यान्वयन गर्न स्थानीय तह लिखु गाउँपालिकाले आवश्यक नियम, विनियम र निर्देशिका बनाउन सक्नेछ सो मा लेखिएका कुराहरु उलङ्गन गर्ने व्यक्तिलाई जरिवाना गर्ने व्यवस्था पनि स्थानीय तहले गर्न सक्ने छ ।



१२. <u>अघिका इजाजत पत्रहरु रद्ध हुने</u>: यो ऐन प्रारम्भ हुनु भन्दा अघि व्यवसाय खोल्ने सम्बन्धमा नेपाल सरकारका कुनै निकायबाट जारी गरिएका इजाजतपत्रहरु गाउँपालिकाको राजपत्रमा सूचना प्रकाशित गरी तोकिएको म्यादभित्र दफा (५) अन्र्तगत तोकिएको रीत पुऱ्याई नविकरण गराउन पर्छ । सो म्याद भित्र नविकरण नभएका इजाजत पत्रहरु रद्ध हुनेछन् ।

१३. <u>संक्रमणकालीन व्यवस्था</u>: यस ऐनले तोकिए वमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

१४. <u>पुनरावेदन</u>: यस ऐन बमोजिम भएका दण्ड, जरिवाना र सजाय उपर चित नबुजेमा पुनरावेदन गर्न सकिनेछ ।

१५. <u>नियम वनाउने अधिकार</u> : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँकार्यपालिकाले आवश्यक नियम वनाउन सक्नेछ ।

१६. <u>वाधा अड्काउ फुकाउने अधिकार</u>: यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै वाधा अड्काउ परेमा गाउँकार्यपालिकाले त्यस्तो वाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ । तर त्यस्तो आदेश गाउँपालिकाले ६ महिना भित्र गाउँ सभाबाट अनुमोदन नगरेमा स्वत निस्क्रीय हुनेछ ।

१७. <u>वचाउ र लागु नहुने</u> : (१) यो ऐन वा यस ऐन अन्तर्गत वनेका नियममा लेखिए जति कुरामा सोहि वमोजिम र नलेखिएका कुरामा प्रचलित कानून वमोजिम हुनेछ ।

(२) संविधानसँग वाझिएका यस ऐनका दफा तथा उपदफाहरु वाझिएको हदसम्म स्वत : निस्क्रीय हुनेछन् ।

(३) यस अघि भए गरेका काम कार्वाहि यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।